नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड (SONA) को साधारण शेयर सूचीकरण गरिएको

# सूचना

आज मिति २०८०/०७/०२ गते बिहीबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड (नेप्से सिम्बोल SONA) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ३,०७,५०,५०० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष एनआइएमबि एस क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) मा वितरण गरिएको १,२३,००,२०० कित्ता (४०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको १,८४,५०,३०० कित्ता (६०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ३,०७,५०,५०० कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०७/०२ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च</u> : मिति २०८०/०७/०२ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, बत्तिसपुतली रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०८०/०७/०२